विष केन्द्रले फोनमा, द्रुत विशेषज्ञ सल्लाह दिन्छ। हामी तपाईं र तपाईंका परिवारलाई विष आपतकालमा र विष सम्बन्धि प्रश्नहरूमा सहयोग गर्न सक्छौं।

दिन वा रात, हप्ताको सातै दिन, बर्षको कुनै दिन कल गर्न सक्नुहुन्छ। नर्सहरू औषधी वेत्ता, डाक्टरहरू, वा अरू विष विशेषज्ञले तपाईंको फोनको उत्तर दिने छन्।

हामी तपाईंलाई १५० भाषामा सहयोग गर्न सक्छौं वा तपाईं सुन्नमा कमजोर हुनुहुन्छ भने देश भरि धेरै विष केन्द्र छन्।

यू.एस.को कहीबाट पनि तपाईं विष केन्द्रको १-८००-२२२-१२२२ मा सम्पर्क गर्न सक्नुहुन्छ।




## विषाक्तताको लागि प्राथमिक उपचार

**यदि मानिस**

- ✔ श्वास रोकिएमा
- ✔ मानसिक शक्ति गुमाएमा, वा
- ✔ अचानक पक्षवातको आक्रमण भएमा

**तुरुन्तै ९११ मा कल गर्नुहोस्।**

**आँखामा विष लाग्यो?**

पानीले आँखा धुनुहोस्।
तपाईंको विषाक्तता केन्द्र १-८००-२२२-१२२२ मा कल गर्नुहोस्

**छालामा विष लाग्यो?**

विषले भेटेका कपडा फुकाल्नुहोस्। पानीले शरीरमा धुनुहोस्।
तपाईंको विषाक्तता केन्द्रलाई १-८००-२२२-१२२२ मा कल गर्नुहोस्।

**श्वास फेर्दा विष लिनुभयो?**

ताजा हावा लिनुहोस्।
तपाईंको विषाक्तता केन्द्र १-८००-२२२-१२२२ मा कल गर्नुहोस्।

**विष निल्नुभयो?**

तपाईंको विषाक्तता केन्द्रमा १-८००-२२२-१२२२ मा कल गर्नुहोस्।

घरेलु उपचार गर्ने वा कसैलाई वाक्ने प्रयास **नगराउनुहोस्।**

थप जानकारीका लागि www.aapcc.org हेर्नुहोस् वा तपाईंको नजिकको विषाक्तता केन्द्रमा कल गर्नुहोस्।

(© २०१० अमेरीकन एसोसिएसन अफ पोइजन कन्ट्रोल)

# तपाईंको विषाक्तता केन्द्र



प्रत्येक ८ सेकेन्डमा कसैलाई विषाक्तता केन्द्र चाहिन्छ...

## तपाईं दोस्रो हुन सक्नुहुन्छ?

POISON Help
1-800-222-1222

नि:शुल्क, छिटो, विशेषज्ञ सहयोग।
दिनको २४ घण्टा
हप्ताको सातै दिन

# के तापईंलाई थाहा छ?

हामी प्राय: सोच्छौं की बच्चाहरूलाई विष लाग्छ। तर धेरै मानिस जो विषले मरेका छन् उनीहरू युवा छन्! विष लाग्नु हामी सबैका लागि खतराजनक छ।



लगभग कुनैपनि वस्तु विषालु हुनसक्छ, यदि गलत तरिकाले प्रयोग गरेमा, गलत मात्रा खाएमा, वा गलत मानिसले प्रयोग गरेमा।

**केही विषहरू:**

- दवाई (डाक्टरद्वारा दिइएको पर्ची, काउन्टरमा, जडीबुटी) र सडक लागु औषध
- घरमा उपलब्ध हुने वस्तुहरू जस्तै सेम्पो, ब्लिच, किराफट्याङ्ग्रा मार्ने पदार्थ, एन्ट्रिफ्रिज, बत्तिको तेल
- तपाईंको घरमा पाइने रसायनिक पदार्थ
- टोकाई र टोकिएको
- च्याउ र बोटबिरूवाहरू
- धुँवा र ग्याँस

गलत मात्रामा औषधीको सेवन गरेमा, अन्जानमा भाडा माज्ने साबुन, क्यामिकल खाएमा वा अत्याधिक मदिराको सेवनले विष लाग्न सक्छ।

# किन तपाईंले कल गर्नु पर्छ?

विष जसलाई पनि लाग्न सक्छ र विष केन्द्र सबैका लागि हो। कल नि:शुल्क र व्यक्तिगत हुनेछ।

**हामी तपाईंलाई पैसा र समयको बचत गर्न सहयोग गर्नेछौं।**

दश जना मध्य सात जना जसले विषाक्तता केन्द्रमा कल गरे उनीहरूले फोनबाट सहयोग पाए। उनीहरू डाक्टर वा अस्पताल जानु परेन।.

**तपाईंको डाक्टरले पनि विष केन्द्र मै कल गर्छन।**

जब डाक्टर र नर्सलाई विष लागेको जाँच गर्न सहयोग चाहिन्छ, उनीहरू नजिकको विषाक्तता केन्द्रमा कल गर्छन।

***हामी विशेषज्ञ हौं।***



**नि:शुल्क, छिटो, विशेषज्ञ सहयोग।**
**दिनको २४ घण्टा, हप्ताको सातै दिन**

**1-800-222-1222**

# विष रोकथामका उपाएहरू

यदि तपाईं कसैलाई विष लागेको छ भनेर सोच्नुहुन्छ भने उक्त समयमा विषको, १-८००-२२२-१२२२ मा कल गर्नुहोस्। खतराजनक विषको, शुरुमा कुनै लक्षण हुँदैन।

- १-८००-२२२-१२२२ नम्बर तपाईंको मोबाइलमा वा घर नजिकको फोनमा राख्नुहोस्।
- औषधी र घरेलु सामानहरूलाई खानेकुराको ठाँउबाट अलग राख्नुहोस्।
- जहिले पनि लेखिएको चिट्ठा पढ्नुहोस् र कुनैपनि निर्देशन पछ्याउनुहोस्
- घरेलु सामानहरू र औषधीलाई ताला लगाएर राख्नुहोस्। तिनीहरूलाई त्यहाँ राख्नुहोस् जहाँ बच्चाले देख्न वा भेट्न सक्दैनन्।
- बच्चाले प्रतिरोध गर्न सक्ने प्याकेट किन्नुहोस्। तर याद राख्नुहोस् की, कनैपनि पनि बच्चा सुरक्षित प्रमाणीत छैनन्।
- औषधीलाई कहिले पनि केण्डी नभन्नुहोस्। विष खाना वा पिउने पदार्थ जस्तो देखिन सक्छ। नानीहरूलाई केही खानुभन्दा अगाडि आफूभन्दा ठूलोलाई सोध्नु भनेर सिकाउनुहोस्।
- युवा मानिसले “धेरै लिने” उत्पादनहरू र औषधीको बारेमा सिक्नुहोस्। यी खतराहरूको बारेमा आफ्ना तन्नेरी वा केटाकेटीसँग कुरा गर्नुहोस्।
- काम गर्ने कार्बन मोनोअक्साइड अलार्म आफ्नो घरमा राख्नुहोस्।

